# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७८।०८।१२

### शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वसभापति विष्णु निष्ठुरी र पत्रकार माधव घिमिरेलाई पितृशोक परेको छ । उहाँहरूका पूज्य पिता दधिराम घिमिरेको ९० वर्षको उमेरमा आज बिहान ५:१५ बजे झापाको बिर्तामोडस्थित निवासमा निधन भएको हो । उहाँ हल्का निमोनिया र उच्च रक्तचापबाट पीडित हुनुहुन्थ्यो । स्वर्गीय घिमिरेका तीन छोरा र चार छोरी हुनुहुन्छ । पूर्वसभापति निष्ठुरी स्वर्गीय घिमिरेका जेठा छोरा हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय घिमिरेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा पितृशोकमा पर्नुभएका पूर्वसभापति निष्ठुरीसहित शोकाकुल परिवारजनमा धैर्यधारणाको कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव